# चौतारा साँगाचोकगढी नगरपालिका

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## नगर कार्यपालिकाको कार्यालय

### चौतारा, सिन्धुपाल्चोक

## आ.व. २०८२/०८३ को नीतिहरु



"चौतारा साँगाचोकगढी नगरपालिका समृद्धिको आधार-शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"

**०९ असार, २०८२**

**आगामी आ.व २०८२/०८३ को वार्षिक नीति तर्जुमाका आधार र प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ।**

- संविधानले स्थानीय सरकारलाई तोकेका दायित्व तथा अधिकार, राज्यका नीति तथा सिद्धान्तहरु।
- नेपाल सरकारको बजेट, योजना, नीति तथा कार्यक्रमहरु।
- बागमती प्रदेश सरकारको बजेट, योजना, नीति तथा कार्यक्रमहरु।
- सोह्रौं योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- निर्वाचनमा जनतासँग गरिएका घोषणा पत्र तथा प्रतिबद्धताहरु।
- विभिन्न विषयगत समिति, वडा समिति र सरोकारवाला समुहहरुबाट प्राप्त राय सुझाव।
- नेपाल सरकारले दीगो विकासका लक्ष्य, मानव अधिकार, बाल अधिकार, महिला अधिकार लगायतका अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता।
- नगरपालिकाले स्वीकृत गरेका ऐन, नियमावली, निर्देशिका, नीति तथा कार्यविधिहरु।

**नीतिको प्राथमिकताका मुख्य क्षेत्र :**

१. सुशासन तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह

२. शिक्षा र स्वास्थ्य

३. कृषि तथा पशुपन्छी विकास

४. भौतिक पूर्वाधार

५. पर्यटन, वन, वातावरण तथा विपद् व्यवस्थापन

६. रोजगार

७. संचार तथा सूचना प्रविधि

८. समावेशी समूह

धुनीबेंसी नगरपालिका

## (आर्थिक वर्ष २०८२।०८३ को नीतिहरू)

**सुशासन तथा सार्वजनिक सेवा प्रवाह नीतिहरु :**

- सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, जिम्मेवार तथा नतिजा मुलक बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री एवं प्रभावकारी बनाइनेछ।
- नगरपालिकाको नीति तथा योजनाहरु कार्यान्वयन गर्न र जनतालाई सेवा प्रदान गर्न नयाँ कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिँदै मौजुदा कानूनलाई आवश्यकताका आधारमा संसोधन गर्दै लगिनेछ।
- नगरपालिकाको गतिविधिहरुलाई पारदर्शी बनाउन सूचनाको हक सम्बन्धी कानूनको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।
- खरिद तथा विक्री सम्बन्धी कार्यहरुलाई प्रतिस्पर्धी, पारदर्शी तथा गुणस्तरीय बनाउनका लागि प्रचलित कानून बमोजिम विद्युतिय बोलपत्रलाई प्रभावकारी बनाइनेछ।
- नगरपालिका भित्र शान्ति सुरक्षा कायम राख्न, अव्यवस्थित गतिविधिहरूलाई व्यवस्थित गर्न र विपद् व्यवस्थापनमा खोज तथा उद्धार गर्ने उद्देश्यले नगरपालिकाको मातहत रहने गरी नगर प्रहरी भर्ना गर्ने नीति अवलम्वन गरिनेछ।
- अन्तर सम्बन्धित विषयहरुमा संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँगको आवश्यक समन्वय तथा सहकार्यलाई निरन्तरता दिइनेछ।
- स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) लगायत अन्य प्रणालीलाई पुर्ण रुपमा कार्यान्वयन गरी संस्थागत सुशासन कायम गरिनेछ।
- नगरपालिका भित्रको स्रोत र साधन तथा काम कारवाहीको कुशल व्यवस्थापन गरी नगरपालिकालाई सुशासन युक्त बनाइने नीति लिइनेछ।
- आर्थिक प्रशासनका क्रियाकलापहरु नतिजासँग आबद्ध गरी प्रभावकारी रुपमा आर्थिक अनुशासन कायम गरिनेछ। आन्तरिक लेखा परीक्षण तथा सामाजिक लेखा परीक्षणलाई समेत प्रभावकारी बनाइनेछ।
- नगरपालिकाबाट गरिने सेवा प्रवाहलाई जनमुखी र पारदर्शी बनाउनका लागि नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका १४ वटै वडा कार्यालयमा नियमानुसार सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।
- विभिन्न किसिमका तालिमहरु, अध्ययन भ्रमण तथा अभिमुखीकरणबाट ज्ञान सीप तथा अनुभवनको आदान-प्रदानमा सिकेका सिकाइ सम्बन्धी प्रतिवेदन तयार गरी नगर कार्यपालिका बैठकमा पेश गर्ने व्यवस्था मिलाइनेछ।
- आवश्यक विज्ञ सहितको अनुगमन समितिद्वारा गरिँदै आएको बजार अनुगमन तथा मुल्याङ्कन कार्यलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई नतिजामुलक तथा प्रभावकारी बनाउनका लागि प्रशासनिक संरचनाको पुनरावलोकन तथाा सवलीकरण गरी सुशासनको प्रवर्द्धन गरिनेछ।
- कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता एवं दक्षताको नतिजाको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

**शिक्षा, युवा तथा खेलकुद नीतिहरु :**

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क र माध्यमिक तह (कक्षा १०) सम्मको निःशुल्क शिक्षालाई निरन्तरता दिइनेछ।
- विद्यालय नक्शाङ्कन गर्दै विभिन्न विषय र सङ्कायहरुलाई एकीकृत एवं खण्डीकृत गरी कक्षा १२ सम्मको शिक्षा क्रमशः निःशुल्क बनाउँदै लगिनेछ।
- नगर अन्तर्गतका सामुदायिक विद्यालयहरुमा सञ्चालित स्कूल बसलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।
- शहिद स्मृति आवासिय बालग्रामलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरी अनाथ, आर्थिक रुपले अति विपन्न र आमा वा बाबु तथा आमा बाबु दुवै विहिन वा पढाईबाट बञ्चित हुने अवस्थाका बालबालिकाहरुलाई व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने बन्दोबस्त मिलाइनेछ ।
- विद्यालयलाई नक्साङ्कन गरी सुपरिवेक्षण, विद्यालय समायोजन, केन्द्रिकरण तथा आवास सहितको विद्यालय निर्माण प्रकृयालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- नगरस्तरीय करार शिक्षक कर्मचारी छनौट परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

- शिक्षक दरबन्दी मिलान कार्यक्रमलाई निरन्तरता दिइनेछ । दरबन्दी मिलान गर्दा समेत शिक्षक नपुग हुन गएमा शिक्षण अनुदान तथा स्वयंसेवक शिक्षक परिचालन गरी शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- पाँच वर्षमुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि दुई बर्षे प्रारम्भिक बाल विकास शिक्षाको व्यवस्थालाई निरन्तरता दिइनेछ । स्रोत सामग्री स्वरुप पाठयपुस्तक व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बालविकास सहजकर्ताहरुको क्षमता अभिवृद्धि तथा स्तरीकरण (ग्रेडिङ) गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **"नैतिक तथा सिर्जनशिल शिक्षा आजको आवश्यकता"** अनुरुप बालबालिकामा सिक्दै पढ्दै, पढ्दै रम्दै, शारीरिक, मानसिक र संवेगात्मक, सिर्जनशीलता र वहुवौद्धिकताको विकास गरी श्रम प्रति सम्मान र पेशा प्रति लगनशीलताका साथै सदाचार, शिष्टाचार र अनुशासन विकास गर्न आवश्यक नीति लिइनेछ ।
- हरित विद्यालयमा जलवायु परिवर्तनलाई मध्येनजर गरी वातावरण अनुकूल कार्य गर्नका लागि विद्यालयमा करेसाबारी तथा वृक्षारोपणको अवधारणा विकास गरिनेछ ।
- डिजिटल मैत्री सिकाइ नगरपालिका, सूचना प्रविधि प्रयोगशाला तथा आइसीटी सम्बन्धी कार्यक्रमको व्यवस्थापनलाई निरन्तरता तथा विस्तार गरिनेछ । साथै अनलाइन शिक्षा सुरुवात गर्ने नीति लिइनेछ ।
- नगरपालिकाको शिक्षा विकासका लागि नगर शिक्षा नीति र नगर शिक्षा योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- आन्तरिक एवम् निरन्तर मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्न आवश्यक मुल्याङ्कनका साधनहरुको विकास तथा स्वःमूल्याङ्कन र उपचारात्मक शिक्षण विधिका माध्यमबाट सिकाइ प्रक्रियामा सुधार गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयमा विद्यार्थी मूल्यांकनका लागि सञ्चालन हुने आवधिक तथा वार्षिक परीक्षामा एकरुपता कायम गरी थप व्यवस्थित बनाइनेछ ।
- संघीय तथा प्रादेशिक सरकारको समन्वयमा विद्यालय दिवा खाजा, विद्यालय नर्स कार्यक्रम, शिक्षण अनुदान, छात्राहरुलाई सेनिटरी प्याड वितरण लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- नगर भित्रका शिक्षालयमा अध्ययन गर्ने अपांगता भएका बाबुआमाका छोराछोरी, शहिद परिवार, दलित, सीमान्तकृत, गरीब तथा जेहेन्दार छात्र छात्राका लागि प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद, योग, ध्यान, गीत, सङ्गीत तथा कसरतलाई जीवन पद्धतिसँग गाँस्दै लगिनेछ ।
- न्यून दृष्टियुक्त बालबालिकालाई निःशूल्क आँखा परीक्षण तथा चश्मा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर स्तरीय विविध खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । साथै अन्तर माध्यमिक विद्यालय नगरस्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ । अपाङ्गतामैत्री खेलकुदको आयोजना गरिनेछ ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यक्रमको पुनरावलोकन तथा पाठ्यपुस्तक निर्माण तथा छपाई गरी क्रमिक रुपमा नगर भित्रका विद्यालयहरुमा लागू गर्दै लगिनेछ । साथै मातृभाषामा शिक्षा प्रदान गर्नका लागि नीति अवलम्वन गरिनेछ ।
- विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापको सञ्चालन गर्न बालक्लब, स्काउट, जुनियर रेडक्रस जस्ता क्लबहरुसँग समन्वय गरी स्थानीय संस्कृति झल्कने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकलाई तालिम, अभिमुखीकरण, विषयगत नेटवर्क परिचालन, विषयगत बैठक तथा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- कार्य सम्पादनका आधारमा विद्यालय, शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा सुशासन कायम गर्न इ-हाजिरी, नियमित रिपोर्टिङ, सामाजिक परीक्षण, लेखा परीक्षण, सार्वजनिक सुनुवाई, अभिभावक भेलालाई नियमित गर्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी नगरपालिकाको विज्ञहरुको सुझाव सहितको समग्र शैक्षिक प्रतिवेदन तयार गरिनेछ ।

- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सरोकारवालाहरुसँग बैठक, अन्तरक्रिया तथा बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रमलाई बालमैत्री र अपाङ्गता मैत्री बनाइनेछ।
- गैर सरकारी संघ संस्थाहरुसँगको साझेदारी र सहकार्यमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- साहित्य, कला, संस्कृति, अभिनय तथा खेलकुद लगायतका अतिरिक्त सिर्जनशील क्षेत्रमा युवा विद्यार्थीको संलग्नतालाई प्रोत्साहन गरिनेछ। नगरमा खेलाइने सबै खेलहरुलाई नगर खेलकुद महोत्सवको रुपमा विकास गर्ने नीति लिइनेछ।
- अन्तर विद्यालय विषयगत शिक्षक व्यवस्थापन गर्ने नीति लिइनेछ।
- नगर, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विजेता खेलाडीहरुलाई सम्मानित तथा पुरस्कृत गर्ने नीति लिइनेछ।
- नगर भित्र वा अन्य क्षेत्रका उत्कृष्ट अभ्यास भएका विद्यालयहरुमा सिकाइ तथा आदान प्रदान गर्ने अन्तर विद्यालय अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाइनेछ।
- **"उच्च शिक्षामा सबैको पहुँच"** विस्तार गर्न आर्थिक रुपले विपन्न, सीमान्तकृत तथा लक्षित वर्गका विद्यार्थीलाई समन्यायिक सिद्धान्तका आधारमा विशेष प्रोत्साहन प्रदान गरिनेछ।
- नगरपालिकाको शिक्षा प्रशासनलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र स्मार्ट प्रशासनको रुपमा विकास गरिनेछ।
- वडागत लिडर र फिडर विद्यालयलाई शिक्षण सिकाइमा एकरुपता, आपसी समन्वय र सहकार्य तथा सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन सक्षमता विकास गरिनेछ।
- कमाउँदै पढाउँदै कार्यक्रमका आधारमा गरिब, शहिद परिवार, दलित तथा सीमान्तकृत समुदायका अभिभावकहरुलाई लक्षित गरी अभिभावक सहायता प्रदान गरिनेछ।

**स्वास्थ्य नीतिहरु :**

- नगरपालिका भित्र सर्वसुलभता, समता, सार्वजनिक स्वामित्व, रोकथाम तथा उपचारमा केन्द्रित र सामुदायिक सहभागिताको नीति अनुरुप स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नगरवासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।
- **"सबैका लागि स्वास्थ्य"** नीति अवलम्बन गरिनेछ।
- नगरवासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै सर्ने र नसर्ने रोगको रोकथाम, नियन्त्रण, निदान तथा उपचारको आवश्यक प्रबन्ध मिलाइनेछ।
- औषधी, औषधीजन्य सामाग्री, उपकरणहरुको खरिद, आपूर्ति र वितरण एवं प्रयोगलाई सुदृढ गरिनेछ।
- संकटाभिमुख अवस्था, प्रकोप, विपद् र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा द्रुत प्रतिकार्य टोली परिचालन र नियमन गरिनेछ।
- भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य सेवा विस्तार तथा एकीकृत गरिनेछ।
- महिलाहरुमा हुने प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याहरुको एकीकृत न्यूनिकरण र व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- गर्भवती महिलाहरुको लागि ग्रामिण अल्ट्रासोनोग्राफी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न निश्चित स्थान र समयमा विशेषज्ञबाट मानसिक स्वास्थ्य सेवा शिविर र मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य क्षेत्रको तथ्याङ्क सुदृढीकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गरिनेछ।

- नगरवासीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउन आवश्यक प्रबन्ध गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिइएको सेवा सुविधालाई निरन्तरता दिइनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रम आवश्यकता अनुसार परिमार्जित र व्यवस्थित बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गता तथा जेष्ठ नागरिक मैत्री बनाउने नीति अवलम्वन गरिनेछ ।
- विपन्न नागरिकले पाउने सुविधालाई निरन्तरता दिइनेछ ।
- नगरबासीहरुको आँखा स्वास्थ्यका लागि आवश्यक परीक्षण र उपचारको व्यवस्था मिलाइनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि उच्च स्तरीय उपचार पद्धतिको नीति लिइनेछ ।
- अपाङ्गता रोकथाम र न्यूनिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- लैङ्गिक हिंसाबाट पीडितहरुका लागि एकद्धार संकट व्यवस्थापन प्रणालीमा मुल प्रवाहीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- शारीरिक र मानसिक स्वास्थ्यका लागि ध्यान तथा योगा जस्ता कार्यलाई प्रोत्साहन गरिनेछ ।

**खानेपानी तथा सरसफाई नीतिहरु :**

- नगरपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुद्दृढ गरी नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति लिइनेछ ।
- नगरपालिकाले घोषणा गरेको सुख्खा ग्रस्त क्षेत्र र मुहान प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिने नीति लिइनेछ ।
- **"एक घर एक धारा"** को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर भित्रका साना ठूला खानेपानीका मुहानको संरक्षण गरिनेछ ।
- नगर सरसफाई अभियानलाई सबै वडामा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगर भित्रको फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइटलाई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार थप ल्याण्ड फिल्ड साइटको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका सबै खानेपानी योजनाहरुको ल्याव परीक्षण गरी शुद्ध पानी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**कृषि विकास नीतिहरु :**

- कृषि उत्पादनको बजारीकरणमा सहजीकरण गर्न कृषि एम्बुलेन्स तथा तरकारी संकलन केन्द्र स्थापनालाई निरन्तरता दिइनेछ ।
- **"एक वडा एक उत्पादन"** गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषकद्वारा उत्पादित उपजहरुको संकलन, प्रसोधन, बजारीकरणका लागि निजी क्षेत्र, कृषि सहकारी, नगर कृषक संजाल, कृषक समूह र नगरपालिकाको साझेदारीमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- पकेट विकास प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । साथै संघ संस्थाको साझेदारीमा बीउ पूँजी लगानी वा ब्याजमा अनुदान उपलब्ध गर्ने नीति लिइनेछ ।
- कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारीहरुको तथ्याङ्क अद्यावधिक गरी वर्गीकरण गर्ने नीति लिइनेछ ।
- **"एक घर एक कृषि बगैचा कार्यक्रम"** संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- बन्यजन्तु नियन्त्रणका लागि बाली संरक्षणको नीति अवलम्वन गरिनेछ ।
- **"हामी किसान उद्यमी बनौंःउत्पादनलाई बजारीकरण गरौं"** भन्ने नाराका साथ कृषिमा व्यवसायिकता र यान्त्रिकीकरण मार्फत् स्वरोजगारी वृद्धि गर्ने नीति लिइनेछ ।
- **"जमिन बाँझो नराखौं, माटोले मागेको रोपौं"** भन्ने अभियान मार्फत् कृषकलाई हावापानी अनुकूल खेती गर्ने प्रवन्ध गरिनेछ ।
- **"जति धेरै उत्पादन, त्यति धेरै अनुदान"** भन्ने नाराका साथ नगर भित्र उत्पादित आलु, गोलभेंडा जस्ता उत्पादनमा सहकारी, संकलन केन्द्र मार्फत् विक्री गरिएको कृषि उपजको अनुदान उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

- खेतियोग्य जमिनको उच्चतम उपयोग गर्न जमिन चक्लाबन्दी, सघन खेती प्रणालीको माध्यमबाट कृषि उत्पादन वृद्धि गर्ने नीति लिइनेछ ।
- तरकारीजन्य उत्पादनहरु संकलन केन्द्र मार्फत् बजारीकरणको प्रवन्ध गर्न आवश्यकताको आधारमा कोल्ड स्टोरको विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- साझेदारीमा रैथाने तथा स्थानीय प्रजातिको धान, मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षण गर्न वीउ विकास बैंक स्थापना गर्ने नीति लिइनेछ ।
- रासायनिक मल व्यवस्थापनको लागि घुम्ती कोषलाई निरन्तरता दिइनेछ ।
- आधुनिक कृषियन्त्र, उपकरण तथा अन्य औजार अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- खाद्यन्न बालीमा लाग्ने प्रकोपको नियन्त्रण गर्न **"बाली संरक्षण आपतकालिन कोष"** को व्यवस्था लाई निरन्तरता दिइनेछ ।
- कृषि बीमा कार्यक्रम कार्यान्वयका लागि सम्बद्ध निकायसँग समन्वय गरिनेछ ।
- प्राविधिक शिक्षालयसँगको समन्वयमा कृषि उत्पादन साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर भित्र उत्पादित लप्सीबाट नगर भित्रै रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।
- **"एक घर एक करेसाबारी कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । साथै उच्च मुल्यका कृषि वालीहरु खेति गर्न प्रोत्साहन गरिनेछ ।
- **"पानी आकाशले दिन्छ, संकलन गरौं सदुपयोग गरौं"** भन्ने नाराका साथ आकाशे पानी संकलन गर्न उचित स्थानहरुमा सिंचाइ पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परेको पानी र झरेको पातलाई कृषि उत्पादनमा उपयोग गरिनेछ ।
- वगरको जमिनलाई उपयोग गरी खेति गर्ने नीति लिइनेछ ।
- सार्वजनिक, निजी, सरकारी, गैरसरकारी संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रका उत्कृष्ट कार्य गर्ने कृषि सहकारी, कृषक समूह र कृषि फर्मलाई सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।

**सिंचाई नीतिहरु :**

- नगर भित्रका खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी लगायतका साना सिंचाई सुविधाहरु निर्माणमा जोड दिइनेछ ।
- साना तथा मझौला सिंचाइलाई दीर्घकालीन तथा पक्की संरचनामा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- पर्याप्त सिंचाई सुविधाको पूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धति (थोपा सिंचाइ, प्लास्टिक पोखरी, आकासे पानी संकलन आदि) को समेत विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- दैनिक जीवनमा प्रयोग पछि खेर जाने पानीलाई करेसा बारीमा प्रयोग गर्न जुठेल्नो पोखरी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वियन गर्ने नीति लिइनेछ ।
- **"खोल्सीको पानी खेतको गरामा, पानीको थोपा विरुवाको जरामा"** भन्ने नीति अवलम्वन गरिनेछ ।

**पशु सेवा नीतिहरु :**

- पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन घुम्ती पशु शिविर संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
- उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- रेबिज रोग विरुद्ध सम्बन्धी जनचेतनामूलक कार्यका साथै नगर भित्रका छाडा तथा सामुदायिक कुकुरको समस्या समाधानका लागि बन्ध्याकरण कार्यलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक मासु उत्पादन तथा दुग्ध उत्पादन गर्न मासु पसल तथा डेरी उद्योगलाई आवश्यक सुधार र प्रशोधित सामाग्री उत्पादनका लागि कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- निजी क्षेत्र/प्राविधिक विद्यालयसँग साझेदारीका कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

- न्यून आय भएका, बिपन्न लक्षित पशुपालन आयआर्जन कार्य संचालन गर्ने नीति लिइनेछ ।
- पशुपन्छीमा देखा पर्ने माहामारी, संक्रामण रोगहरु नियन्त्रण गर्नका लागि आवश्यक नीति लिइनेछ ।
- गाई/भैंसी, बाख्रा, बंगुर लगायतका पशुहरुको निःशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नश्ल सुधार र कृतिम गर्वाधानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरवासीलाई शुद्ध दुध उपलब्ध गराउन दुधलाई प्रशोधन (पास्चराइजेसन) गरी बेचबिखन गर्ने नीति लिइनेछ ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पोषणयुक्त डालेघाँस/भुइघाँसको विउ वितरण कार्यलाई निरन्तरता दिँदै साइलेज, हे जस्ता घाँसजन्य पशु आहारा उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- साना तथा निर्वाहमुखी पशुपालक किसानलाई सुधारिएको गोठ, आधुनिक खोर निर्माणमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- पशु र मानवबीच सर्ने जुनोटिक रोग (जस्तै धनुष्टंकार, क्षयरोग, सिस्टिसर्कोसिस, ब्रुसेलोसिस आदि) को स्क्रिनिंग, परीक्षण तथा नियन्त्रण र रोकथामको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**<u>रोजगार नीतिहरु :</u>**

- नगरपालिका, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाहरुसँगको साझेदारीमा नगर स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।
- श्रमिकलाई दक्ष र व्यवसायिक बनाई नगर भित्रै रोजगारी सिर्जना गराउने वातावरण तयार गरिनेछ ।
- नगरबाट सञ्चालन हुने सबै किसिमका विकास निर्माण कार्यहरुमा अनिवार्य रुपमा स्थानीय जनशक्तिलाई अवसर प्रदान गरी रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई नगर र वडाबाट आन्तरीक स्रोतको साझेदारीमा प्रभावकारी बनाइनेछ ।
- नगर भित्रका स्वरोजगार बन्न चाहने युवाहरुलाई सीपमलुक तालिम प्रदान गरी स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ ।
- नगरमा रहेका बेरोजगार तथ्याङ्क संकलन गरी अभिलेख तयार पारी श्रममा आधारित काममा परिचालन गरिनेछ ।
- **"प्रकृतिको उपहार, नगरबासीलाई रोजगार"** नाराका साथ नगरपालिका क्षेत्र भित्र साझेदारीमा संचालन हुने उद्योग/उद्यम मार्फत् रोजगारी प्रदान गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्र भित्रका युवाहरुलाई प्राविधिक तथा व्यवसायिक सीप विकास सम्बन्धी तालिमहरु प्राविधिक शिक्षालय, उद्योग विकास कार्यालय लगायत अन्य निकायहरुसँग समन्वय गरी स्वरोजगारमूलक युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

**<u>कला, संस्कृति तथा पर्यटन नीतिहरु :</u>**

- यस नगरपालिका स्थित सुकुटेलाई देशकै पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।
- नगरपालिकालाई पर्यटकीय नगरीको रुपमा विकास गर्नका लागि नगर स्तरीय नगर पर्यटन बोर्ड गठन गरी पर्यटन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान र संरक्षण गर्नुका साथै पर्यटन बोर्डसँग समन्वय र सहकार्य गरी प्रवर्द्धन गरिनेछ । उक्त स्थानहरुको Booklet Midea, फ्लेक्स तथा सामाजिक संजाल मार्फत् प्रचार प्रसार गरिनेछ ।
- प्याराग्लाइडिङ, क्यानोइङ, रक क्लाइम्बिङ, साइक्लिङ, ऱ्याप्टिङ तथा वञ्जिजम्प जस्ता साहसिक पर्यटनलाई सहयोग पुग्ने किसिमका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण गरी होमस्टे, प्राचिन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।
- यस नगरपालिका भित्रका विभिन्न जातजातीहरुको चाडपर्व, भाषा संस्कृति, भेषभूषा वाजागाजा आदिको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
- साँगाचोकगढी निर्माणको कार्यलाई नगर गौरवको योजनाको रुपमा अगाडि बढाइनेछ ।



चौतारा साँगाचोकगढी नगरपालिका

- ☞ वडा नं. ११ मा अवस्थित वनदेउ क्षेत्रलाई ट्रान्जिट सिटी विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- ☞ नगर भित्रका रानीपोखरी, ओखरेनी, भुतछाँगा, गौराती, हर्लाङबर्लाङ, चौतारा स्थित पुरानो बजारको कृष्ण मन्दिर, भिमसेन मन्दिर, नारायण स्थान, बुद्धपार्क, शंखधर चोक, शहिद स्मृति पार्क कुविण्डे, नङ्सलडाँडा पिकनिक स्पोट, थानवोटे पिक्निक स्पोर्ट जस्ता धार्मिक तथा पर्यटकीय स्थलको विकासलाई प्राथमिकता दिइनेछ।
- ☞ समानता र सह अस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपी, संस्कृति, कला र सम्पदाको संरक्षण तथा विकास गरिनेछ।
- ☞ पर्यटन प्रवर्द्धनका लागि पर्यटक गाइड, व्रोसर, वुकलेट, होडिङवोर्ड, Display आदिको व्यवस्था गरिनेछ।
- ☞ स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी सुनकोशी करिडोरलाई हरियाली पर्यटकीय क्षेत्र (Greenery Tourism Zone) को रुपमा विकास गर्ने नीति लिइनेछ, साथै इन्द्रावती करिडोरलाई औद्योगिक करिडोरको रुपमा विकास गर्ने नीति लिइनेछ।
- ☞ नगर भित्र रहेका जातजातिहरुको संस्कार, संस्कृति र पुरातात्विक सम्पदाहरुको संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि **"घर संस्कृति अध्ययन केन्द्र"** को सम्भाव्यता अध्ययन गरिनेछ।
- ☞ नगर भित्र रहेका पर्यटन क्षेत्रको दिगो विकासका लागि नगर पर्यटन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।
- ☞ **"नगर कोसेली घर"** निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।
- ☞ पर्यटन प्रवर्द्धनका लागि नगर भित्रका पर्यटकीय स्थलहरुको वृत्तचित्रको व्यवस्थित प्रचार प्रसार गरिनेछ।
- ☞ समग्र नगरपालिकालाई कृषि पर्यटन, पर्यावरणीय पर्यटन तथा शैक्षिक, साँस्कृतिक पर्यटन स्थलको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ।

**विपद् व्यवस्थापन नीतिहरु :**

- ☞ एकीकृत प्रणाली मार्फत् विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचा (LDCRF) तयार गरी लागू गर्ने नीति लिइनेछ।
- ☞ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने जोखिम न्यूनिकरण गर्न जनचेतना मुलक कार्यक्रम, पूर्व सूचना प्रणाली, पूर्व तयारी, राहत तथा उद्धार र पुर्नःस्थापना तथा पुर्नःनिर्माण कार्यलाई समन्वय, सहकार्य र साझेदारीमा संचालन गर्ने नीति लिइनेछ।
- ☞ विपद्को उच्च जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी वस्ती स्थानान्तरणको व्यवस्था मिलाइनेछ।
- ☞ नगर तथा वडा विपद् व्यवस्थापन समिति र कर्मचारी एवं स्वयंसेवकहरुको क्षमता अभिवृद्धि गरी विपद् व्यवस्थापनमा परिचालन गर्ने नीति लिइनेछ।

**वन तथा वातावरण नीतिहरु :**

- ☞ दिगो वन व्यवस्थापनबाट रोजगारी र आर्थिक समृद्धिका लागि वनलाई कच्चा पदार्थको स्रोत बनाई उद्यम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।
- ☞ पानीको मुल संरक्षण गर्नुका साथै आवश्यक स्थानमा ग्राउण्ड रिचार्ज पोखरी निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- ☞ नगरमा काष्ठ, गैरकाष्ठ वा जडीबुटी प्रशोधन उद्योग स्थापनाका लागि आवश्यक सहजीकरण गर्ने नीति लिइनेछ।
- ☞ हरित सडक कार्यक्रम सञ्चालनका साथै सार्वजनिक बाँझो जमिनमा वृक्षारोपण गरी हरियाली विस्तार गर्ने नीति अवलम्वन गरिनेछ।
- ☞ नगर भित्रका सामुदायिक वन तथा कवुलियती वन समुहहरुको संस्थागत सुदृढीकरण तथा क्षमता विकासका लागि सहयोग पुऱ्याइनेछ।
- ☞ जलवायु परिवर्तनको कारण कृषि, स्वास्थ्य, जलश्रोत, वन, जैविक विविधता आदिमा पर्ने प्रभाव तथा असरलाई कम गर्नका लागि विभिन्न अनुकुलनका उपायहरु अवलम्वन गरिनेछ।
- ☞ नगरभित्र पर्यापर्यटन विस्तार गर्ने नीति अनुरुप जैविक पार्क, जैविक उद्यान, पिकनिक स्पटलाई प्रर्वद्धन गर्दै लगिनेछ।
- ☞ सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा नगर भित्र प्लाष्टिक, फोहोरमैला तथा सरसफाई व्यवस्थित गरी नगरपालिकालाई सफा र हरियाली नगर बनाउनका लागि आवश्यक नीति लिइनेछ।
- ☞ नगर भित्र रहेका सामुदायिक वनहरुमा काफल, फलफुल, चिया, कफी खेति गर्ने नीति लिइनेछ।

## पूर्वाधार नीतिहरु :

- चालू आर्थिक वर्षमा कालोपत्रे हुन बाँकी रहेका सडकहरुलाई कालोपत्रे गर्ने नीति लिइनेछ।
- स्थानीय जनशक्ति र स्रोत साधनको उपयोग गर्दै नगर भित्रका सडकहरुलाई बाह्रै महिना संचालन हुने गरी पक्की नाला तथा खहरे खोलामा ह्युम पाईप सहित व्यवस्थित गरी स्तरोन्नती गर्ने नीति अवलम्वन गरिनेछ। नगरपालिकाबाट बाह्रै महिना संचालन हुने गरी प्रत्येक वडा कार्यालय जोड्ने पक्की सडक निर्माण गरिनेछ।
- सहिद स्मृति नगर चक्रपथ निर्माण तथा स्तरोन्नतीको कार्यलाई संघ तथा प्रदेश सरकारको समन्वयमा निरन्तरता दिइनेछ।
- आफ्नो भवन नभएका वडा कार्यालयहरुको व्यवस्थित भवन निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।
- बजार क्षेत्रका सडकहरुमा र प्रत्येक वडा कार्यालयहरुमा सि.सि.टि.भि. जडान, पार्किङ, जेब्रा क्रसिङ तथा ट्राफिक लाईटको व्यवस्था गरिनेछ।
- बैकल्पिक ऊर्जा तथा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी सडक बत्ती जडान तथा मर्मत कार्य गरिनेछ।
- फुटपाथ सहितको सडक निर्माण गर्ने र नगरभित्र रहेका सडकलाई सूचीकृत गरी सडकहरुको लगत कट्टा गरिने नीति अवलम्वन गरिनेछ।
- मर्मत संभार कोषको कार्यविधि निर्माण गरी कोषको व्यवस्था गरिनेछ।
- चौतारा बजार क्षेत्रमा हुने ट्राफिक जामलाई व्यवस्थित गर्नका लागि One Way प्रणाली लागू गरी वडा नं. ५ स्थित आलडाँडा-आर्मी ब्यारेक हुँदै कप्तनापाटी भिरकुना सडकलाई व्यवस्थित गरिनेछ।
- चौतारा साँगाचोकगढी नगरपालिका स्थित सुकुटेमा डिजिटल पार्क निर्माण गरिनेछ।
- नगर भित्र रहेका सम्पूर्ण जग्गाहरुको बर्गिकरण गर्ने कार्यलाई पुर्णता दिईनेछ। साथै नगरपालिका भित्रका सम्पूर्ण सार्वजनिक जग्गाहरुको खोजी गरी संरक्षण गरिनेछ।
- नगरपालिका भित्र जग्गा प्लटिङ गर्दा मापदण्ड बमोजिम सडक, बत्ती, पानी आदि पूर्वाधार भएकोलाई नियमानुसार स्वीकृति दिने र अन्यथा जग्गा खण्डिकरण गर्न रोक लगाउने नीति अवलम्बन गरिनेछ।
- नगरपालिका भित्र रहेका बस्ती विकास गर्नका लागि बस्ती विकास नीति अवलम्वन गरिनेछ।
- यस नगरपालिकाका सम्पूर्ण वडाहरुको बजार क्षेत्रमा सोलार बत्ती वा अन्य सडक बत्तीहरु मर्मत तथा जडान गर्ने नीति लिइनेछ।
- नगर मापदण्ड विपरित निर्माण गरिएका घर तथा टहराहरुलाई हटाउन नीति अवलम्वन गरिनेछ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसँग आवश्यक समन्वय गरी नगर भित्रका बजार व्यवस्थापन गरिनेछ।
- अन्य पालिकाबाट यस नगरपालिका भित्र प्रवेश गरिने प्रवेश द्वार निर्माण गरिनेछ।
- बेरोजगारमा सुचिकृत भएका कामदारहरुलाई नगर भित्रका पुर्वाधार तथा अन्य कार्यहरुमा प्राथमिकता दिई काममा लगाउने नीति लिइनेछ।
- वडा नं १, २ र ३ मा भौगलिक विकटता भएको कारण भौतिक संरचनाहरु निर्माण गर्दा आ.व. २०८२/०८३ को जिल्ला दररेटलाई आधार मानी थप ढुवानी समावेस हुने गरी दररेट विश्लेषण तयार गरिनेछ।

## संचार तथा सूचना प्रविधि नीतिहरु :

- राजश्व संकलन, भुक्तानी, सामाजिक सुरक्षा तथा पञ्जिकरण, खरिद प्रणाली, रिपोर्टिङ, सिफारिस, कर्मचारी हाजिरी लगायतका कार्यहरुलाई विद्युतिय प्रणाली मार्फत् सम्पादन गरी सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- नक्सापास प्रणाली, अनलाईन गुनासो प्रणाली, व्यवसाय दर्ता, खानेपानी मुहान दर्ता, अपाङ्गता परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र तथा उपभोक्ता समिति दर्ता लगायतका प्रणालीहरुलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने नीति अवलम्वन गरिनेछ।
- चौतारा साँगाचोगकढी नगरपालिकालाई सूचना प्रविधि मैत्री बनाई स्थानीय संचार माध्यमहरुको विकास र प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- जनप्रतिनिधि/कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ।

**उद्योग तथा वाणिज्य नीतिहरु :**

☞ **"प्रकृतिको उपहार, विपन्नलाई रोजगार"** नाराका साथ नगरपालिका क्षेत्र भित्र उत्पादन हुने लप्सी प्रशोधन उद्यमलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ।

☞ नगरपालिकाका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गर्दा स्थानिय उत्पादनलाई प्राथमिकता दिइनेछ।

☞ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) कार्यक्रमलाई नगरपालिकाको आन्तरिक श्रोतको बजेटबाट समेत साझेदारी गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

☞ व्यवसाय गर्न प्रतिवद्धता गर्ने नगरवासीहरुलाई माग र आवश्यकताका आधारमा आयमूलक तालिम तथा प्रविधि हस्तान्तरण गरिनेछ।

☞ वडा नं. ४ मा निर्माणधिन औद्योगिक ग्रामको निर्माण कार्य यथासिघ्र सम्पन्न गर्नका लागि आवश्यक पहल गरिनेछ।

☞ सामुहिक रुपमा व्यवसाय सञ्चालनका लागि इच्छुक उद्यमी समुहहरुका लागि माग र आवश्यकताका आधारमा "**साझा सुविधा केन्द्र**" व्यवस्थापन गर्ने नीति लिइनेछ।

☞ उद्यमीहरुलाई उद्यमशिलता विकास सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ। साथै बजारीकरण र बजार विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

☞ नवीन व्यवसाय गर्न ईच्छुक तथा वैदेशिक रोजगारबाट फर्केका नगरवासीलाई मापदण्ड बनाई तालिम, प्रविधि तथा कर्जा र बजारीकरणको विशेष प्याकेज कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

☞ नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका आयमूलक तथा रोजगार मूलक तालिम कार्यक्रमहरु आवश्यकता अनुसार सञ्चालन गरिनेछ।

☞ नगरपालिकाबाट विगतमा सीपमुलक तालिम लिएका नगरवासीहरुको विवरण अद्यावधिक गरी तालिम प्राप्त प्रशिक्षार्थीहरुलाई आय आर्जन तथा रोजगारीमा लाग्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

☞ नगरपालिका क्षेत्र भित्रका युवाहरुलाई संघीय तथा प्रादेशिक कार्यालयहरु, प्राविधिक शिक्षालय, उद्योग तथा वाणिज्य कार्यालय लगायत अन्य निकायहरुसँग समन्वय गरी स्वःरोजगार मूलक युवा लक्षित कार्यक्रम एवं प्राविधिक तथा व्यवसायिक सीप विकास सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ।

☞ नियमित कर तिर्ने तथा धेरै व्यक्तिलाई रोजगारी प्रदान गर्ने नगरपालिका भित्रका नमुना उद्यमलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।

☞ नगरपालिकाबाट बाहिर निकासी हुने कच्चा वस्तुहरुलाई प्रशोधन गरी मुल्यवृद्धि गराउने सम्भाव्यता भएका उद्यमहरुलाई प्राथमिताका साथ सञ्चालन गर्ने नीति लिइनेछ।

☞ नगरपालिका भित्र उत्पादन हुने कृषि उपजहरुलाई मुल्य श्रृंखला विश्लेषण अध्ययन गरी ग्रेडिङ्ग, प्याकेजिङ तथा प्रशोधन गर्न सहयोग गरिनेछ।

☞ नगरपालिकाको वडा नं. १ मा रहेको चिया उत्पादन उद्यमलाई नगरपालिकाको विशेष उद्यमका रुपमा लिई प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ।

☞ फोहोर, पुराना प्लाष्टिक तथा सिसा प्रशोधन उद्यम सञ्चालन गर्न आवश्यक नीति अवलम्वन गरिनेछ।

☞ प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

**लक्षित वर्ग नीतिहरु :**

☞ अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

☞ नगरपालिकाका सम्पूर्ण वडाहरुलाई बालमैत्री बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ। साथै मापदण्ड पुगेका वडाहरुलाई बालमैत्री वडा घोषणा गरिनेछ।

☞ आदिवासी, जातजातिहरुको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि आवश्यक नीति लिइनेछ।

☞ परम्परागत कला, भेषभूषा, वाद्यबाधन र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

☞ छुवाछुत र जातिय विभेदको व्यवहारिक अन्त्यका लागि आवश्यक नीति लिइनेछ।

☞ महिला, दलित, जनजाति, आदिवासी, अल्पसंख्यक तथा पिछडिएका वर्गको उत्थानका लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका लागि सिप तथा आय आर्जनको आवश्यक नीति अवलम्वन गरिनेछ।

☞ नगरपालिकाका सबै विषयगत शाखाहरुबाट संचालन गरिने कार्यक्रमहरुमा महिला, दलित, जनजाति, एकल महिला, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरुलाई समावेशी सहभागी गर्ने नीति लिइनेछ।

☞ जेष्ठ नागरिकहरुका लागि आवश्यक संरचना तथा पूर्वाधार विकास गर्दै जेष्ठ नागरिकको सम्मान गर्ने नीति लिइनेछ।

- ☞ विपन्न, असहाय, एकल महिला तथा सामाजिक रुपले पछि परेका नागरिकलाई सहायता संरक्षण तथा उद्दार गर्न आवश्यक नीति अवलम्वन गरिनेछ।
- ☞ लैङ्गिक हिंसा न्यूनिकरण र महिला सशक्तिकरण एवं पुरुष सहभागिताको नीति लिइनेछ।
- ☞ भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री, लैङ्गिक मैत्री, बालबालिका मैत्री, जेष्ठ नागरिक सबैको पहुँचयुक्त संरचना निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।
- ☞ नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, सामुदायिक भवन र शौचालयहरु अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ।
- ☞ परम्परागत सीपलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- ☞ व्यवसायलाई विस्तार गर्न विउ पुँजी वा प्रविधि हस्तान्तरणको नीति लिइनेछ।
- ☞ लक्षित वर्गका व्यक्तिहरुलाई निःशुल्क तालिम, लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गर्ने नीति लिइनेछ।
- ☞ नगरपालिका भित्र आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न होमस्टे उद्यमलाई प्रवर्द्धन गरिनेछ।
- ☞ संघ, प्रदेश, नीजि क्षेत्र, गैरसरकारी संस्थासँग साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ।
- ☞ बालमैत्री स्थानिय तह घोषणाको नीति लिइने छ।
- ☞ **"नगरको इच्छा नारीलाई शिक्षा"** भन्ने मुल नाराका साथ बुहारी शिक्षाको नीति अवलम्वन गरिनेछ।

**सहकारी नीतिहरु :**

- ☞ नगरपालिका भित्र रहेको साना तथा जोखिममा रहेका सहकारीहरुलाई एकीकरण गरी व्यवस्थित गर्ने नीति लिइनेछ।
- ☞ उत्पादनमा (दुधजन्य र तरकारी जन्य) अनुदान दिइने व्यवस्था सहकारी मार्फत् गरिनेछ।
- ☞ सहकारी बचत तथा ऋण परिचालन सम्वन्धी नगरपालिकाको मापदण्ड स्वीकृति र नियमनको व्यवस्था गरिनेछ।
- ☞ नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु गर्दा नगर क्षेत्र भित्र रहेका सहकारीहरु मार्फत् गरिने नीति अवलम्वन गरिनेछ।
- ☞ वडास्तरमा सहकारी शिक्षा अभियानको रुपमा सञ्चालन गरिनेछ।
- ☞ उत्पादनसँग प्रत्यक्ष जोडिने कृषि सहकारीहरु तथा कृषक समुहहरुको विस्तार विकासको लागि प्रोत्साहन गरिनेछ।
- ☞ नगरपालिकाबाट सञ्चालन हुने सहकारी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिकामा दर्ता/नवीकरण भएका सहकारीहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- ☞ नगरपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई अनलाईन प्रणाली कोपोमिसमा अनिवार्य रुपमा आबद्ध गर्दै लगिनेछ।
- ☞ सहकारी संस्था सम्वन्धी नगरपालिकाको ऐन, नियमावली, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गरिनेछ।
- ☞ सहकारी संस्थाको दर्ता, नवीकरण तथा वर्गिकरण गर्ने व्यवस्था मिलाइनेछ।

**कानून तथा मानव अधिकार नीतिहरु :**

- ☞ मेलमिलापकर्ता व्यवस्थापन गरी सबै वडाहरुमा मेलमिलाप केन्द्र संचालन गर्ने नीति लिइनेछ।
- ☞ न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा अन्तरक्रिया तथा घुम्ती कानूनी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।
- ☞ स्थानीय तहबीच न्यायिक कार्यसम्पादनको अनुभव आदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ☞ न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ☞ विभेद विरुद्धको अभियानलाई निरन्तरता दिइनेछ।
- ☞ कानूनी सहायता सहयोग तथा परामर्श सेवालाई प्रभावकारी र सरल बनाउँदै लगिनेछ।

**आन्तरिक स्रोत तथा राजश्व नीतिहरु :**

- ☞ प्राकृतिक स्रोतको कर उठाउँदा प्रभावित क्षेत्रलाई पर्ने असरहरुलाई न्यूनीकरण गर्ने नीति लिइनेछ। साथै नगरपालिकाबाट बजेट बाँडफाँड गर्दा प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ।
- ☞ नगरपालिका भित्र रहेका सम्पूर्ण व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता/नवीकरण गरी करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ।
- ☞ **"कर तिरौं सभ्य नागरिक बनौं"** भन्ने नाराका साथ राजश्व सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।
- ☞ नगरपालिकाको आन्तरिक श्रोतलाई वृद्धि गर्न करको दायरालाई फराकिलो बनाउने नीति लिइनेछ।